शैल्यशिखर नगरपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५० मितिः २०८२/०२/३०

भाग-१

शैल्यशिखर नगरपालिका

## शैल्यशिखर नगरपालिकाको एकल महिला कोष (सञ्चालन) कार्यविधि, २०८२

| | |
|---|---|
| नगरसभाबाट स्वीकृत मिति | २०८०/०२/३० |

# शैल्यशिखर नगरपालिकाको एकल महिला कोष (सञ्चालन) कार्यविधि, २०८२

**प्रस्तावनाः**

शैल्यशिखर नगरपालिका भित्रका सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा एकल महिलाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरि परिचालन गर्न स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि शंल्यशिखर नगरपालिकाले यो एकल महिला कोष (सञ्चालन) कार्यविधि, २०८२ तयार गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "एकल महिला कोष (सञ्चालन) कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कोष" भन्नाले यस कार्यविधिको ४ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको एकल महिला सुरक्षा कोषलाई सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले शैल्यशिखर नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले शैल्यशिखर नगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) "सामाजिक तथा आर्थिक दृष्टिले विपन्न वर्गका एकल महिला" भन्नाले कार्यविधिको ११ नं. बुँदामा उल्लेखित एकल महिला सम्झनु पर्दछ ।

ङ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको ५ नं. बुँदामा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

३. कोषको उद्देश्य

क) अति विपन्न र जोखिम अवस्थामा रहेका एकल महिलाको उद्धार गर्ने,

ख) जोखिम अवस्थामा रहेका एकल महिलालाई राहत उपलब्ध गराउने,

ग) सामाजिक आर्थिक दृष्टिले कमजोर एकल महिलाहरुलाई आवश्यक औषधि उपचार र कानुनी सहायता उपलब्ध गराउने ।

४. कोषको स्थापना

क) शैल्यशिखर नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई सामाजिक आर्थिक दृष्टिले कमजोरर आपतकालिन अवस्थामा रहेका नगरपालिका भित्रका विपन्न एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धन गर्न एकल महिला सुरक्षा कोषको स्थापना गरिनेछ ।
ख) एकल महिला सुरक्षा कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. शैल्यशिखर नगरपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाईएको रकम,

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम आदि ।

५. सञ्चालक समितिको गठन

कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिम नगर सञ्चालक समिति रहेनेछ ।

क) कोष सञ्चालक समितिः-

१. नगरपालिका उपाध्यक्ष - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३. सामाजिक विकास समिति संयोजक -सदस्य

४. स्वास्थ्य शाखा प्रमुख -सदस्य

५. स्थानीय प्रहरी चौकीमा कार्यरत महिला प्रहरी -सदस्य

६. एकल महिला क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक

समितिको अध्यक्षले तोकेको १ जना प्रतिनिधि -सदस्य

७. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख-सदस्य-सचिव

६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

क) एकल महिलाबाट सहयोग माग भै आएका निवेदन उपर छानविन गर्ने,

ख) कुनै एकल महिला विपन्न तथा जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा नगद वा अन्य सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक वर्षमा कार्य प्रगति विवरण नगरपालिकामा पेश गर्ने,

ङ) वडा कार्यालयको समन्वयमा विपन्न तथा आपतकालिन अवस्थाका एकल महिलाको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

च) एकल महिला सुरक्षा कोषको रकम दुरुपयोग हुन नदिन आवश्यक कदम चाल्ने,

छ) एकल महिला सुरक्षा कोष वृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप संचालन गर्ने,

ज) कोषको आय व्ययको विवरण अद्यावधिक गरी नगरपालिकामा पेश गर्ने,

झ) कोषको वृद्धिमा सहयोग गर्ने संघ संस्था वा ब्यक्तिको विवरण अद्यावधिक गर्ने,

ञ) एकल महिलाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग आवश्यक समन्वय गर्ने

७. रकम उपलब्ध गराउन सक्ने

क. विपन्न एकल महिला जुन आपतकालिन अवस्थामा रहेका र तत्काल उद्धार गर्न, कानूनी उपचार, मनोसामाजिक परामर्श, औषधी उपचार पुर्नस्थापना, राहात तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा रु. ५००० । सम्म पछि अनुमोदन हुने गरी अध्यक्षवाट रु. १५,००० । सम्म समितिको निर्णयबाट र रु. १५,०००।- देखी माथि कार्यपालिकाबाट निर्णय बमोजिम रकम पीडित महिलालाई उपलब्ध गराउन सकिनेछ ।

ख. उपदफा १ बमोजिम एकल महिला पीडितलाई उपलब्ध गराएको रकम संचालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

८. संचालक समितिले गर्न नहुने कामहरु

क. कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तीलाई लगानी गर्न.

ख. आपतकालीन अवस्थाका एकल महिलाहरुको तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग. कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

९. संचालक समितिको बैठक

संचालक समितिको बैठक देहाय बमोजिम बस्ने छ ।

क. संचालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार,

ख. बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ,

ग. संचालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ,

घ. संचालक समितिको निर्णय सदस्य सचिवले अध्यावधिक गर्ने छ,

ङ. संचालक समितिको सम्पर्क स्थान शैल्यशिखर नगरपालिकाको महिला तथा बालवालिका शाखामा रहनेछ ।

१०. सामाजिक तथा आर्थिक दृष्टिले कमजोर विपन्न एकल महिला अन्तर्गत देहायका महिलाहरु पर्दछन्

क. अति जोखिम अवस्थामा रहेका एकल महिला,

ख. सामाजिक तथा आर्थिक अवस्था कमजोर रेहेको विपन्न एकल महिला,

ग. कोही संरक्षक नभएको अति विपन्न एकल महिला.

घ. संचालक समितिको निर्णयबाट छनौट भएको आपतकालिन अवस्थामा रहेका एकल महिला ।

११. निवेदन दिन सक्ने
यस कार्यविधिको ११ नं. बुँदामा उल्लेख गरिएका एकल महिलाको उद्धार तथा राहातको लागि आफ्नो परिचय खुल्ने गरी शैल्यशिखर नगरपालिकाका वा सम्बन्धित वडाहरुमा बसोवास गर्ने

जोसुकै सोकारवाला व्यक्तिले शैल्यशिखर नगरपालिकाका नगर कार्यपालिका अन्तर्गत महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा र वडा कार्यालयमा विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

## १२. खाताको संचालन तथा लेखा परिक्षण

क. एकल महिला सुरक्षा कोषको रकम समितिको निर्णयले कुनै बाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

ख. दफा १३ को उपदफा १ बमोजमिको खाताको संचालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ तथा कोषको लेखा परिक्षण विभागबाट हुनेछ ।

## १३. कोषको रकम फ्रिज नहुने

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेको त्यस्तो रकम फ्रिज हुने छैन ।

## १४. कार्यविधिको ब्याख्या तथा संशोधन

यस कार्यविधिमा भएको व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा संचालक समितिले राय लिई नगर कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

## १५. कोष खारेज हुन सक्ने

कुनै कारण यस एकल महिला सुरक्षा कोष संचालन गर्न आवश्यक नभएमा पर्याप्त कारणहरु सहित नगर कार्यपालिकाले संचालक समितिको राय लिई कार्यपालिकाको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।

आज्ञाले:
सुरेन्द्रवहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत